# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, कात्तिक २९ गते २०३४ साल

श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

निर्वाचन आयोग (पहिलो संशोधन) ऐन, २०३३ को दफा १ को उप–दफा (२), निर्वाचन (अपराध तथा सजाय) (तेस्रो संशोधन) ऐन, २०३३ को दफा १ को उप–दफा (२), राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा १ को उप–दफा (३) को अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त ऐनहरूको प्रारम्भ हुन बाँकी सबै दफाहरू सेती, लुम्बिनी र सगरमाथा अञ्चलहरूमा मिति २०३३।४।१२ देखि प्रारम्भ हुने गरी तोकेको छ ।

साथै गाउँ पञ्चायत (छैठौं संशोधन) ऐन, २०३३ को दफा १ को उप–दफा (२), नगर पञ्चायत (पाँचौं संशोधन) ऐन, २०३३ को दफा १ को उप–दफा (२), जिल्ला पञ्चायत (छैठौं संशोधन) ऐन, २०३३ को दफा १ को उप–दफा (२), स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) (पहिलो संशोधन) ऐन, २०३३ को दफा १ को उप–दफा (२), स्थानीय पञ्चायत (सदस्य सहवरण) ऐन, २०३३ को दफा १ को उप–दफा (३), र पञ्चायत (सदस्य प्रत्याह्वान) ऐन, २०३३ को दफा १ को उप–दफा (३) को अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त ऐनहरूका प्रारम्भ हुन बाँकी सबै दफाहरू सेती, लुम्बिनी र सगरमाथा अञ्चलहरूमा मिति २०३३।४।२८ देखि प्रारम्भ हुने गरी तोकेको छ ।

आज्ञाले–
सहायक रथी वीरेन्द्रप्रसाद शाह
श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६५५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

652